# फिदिम राजपत्र

## फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः६ फिदिम, पाँचथर माघ १७ गते २०७९ संख्याः १०


भाग-२

फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फिदिम पाँचथरको सूचना

# फिदिम नगरपालिका निर्माण व्यवसायी ईजाजत– पत्र व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना**

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको गुणस्तरियता, पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग हासिल गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पहुँचको ब्यवस्थापन गर्न बाञ्छनिय भएकाले ,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (१०) तथा फिदिम नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि निमार्ण व्यवसायी ईजाजत– पत्र ब्यवस्थापन कार्यविधि फिदिम नगर कार्यपालिकाले जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “फिदिम नगरपालीका निमार्ण ब्यवसायी ईजाजत– पत्र ब्यवस्थापन कार्यविधि, २०७९” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,** (१) “कार्यविधि” भन्नाले फिदिम नगरपालिका निमार्ण ब्यवसायी ईजाजत– पत्र ब्यवस्थापन कार्यविधि, २०७९ लाई जनाउनेछ ।

(२) “ईजाजत– पत्र” भन्नाले फिदिम नगर कार्यपालिकाले जारी गरेको घ बर्गको निर्माण व्यवसायी ईजाजत– पत्रलाई जनाउनेछ ।

(३) “समिति” भन्नाले दफा (४) अनुसार गठनहुने सिफारिस समितिलाई जनाउनेछ ।

(४) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले फिदिमनगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकिय अधिकृतलाई जनाउनेछ ।

(५) "नगरपालिकाको भू– भाग " भन्नाले २०७३ साल फाल्गुण २७ गते गठन भएको फिदिम नगरपालिका क्षेत्रको अनुसुची १ मा उल्लेखित सम्पुर्ण भू– भागलाई जनाउनेछ ।

(६) "नगरपालिका" भन्नाले फिदिम नगरपालिकालाई जनाउनेछ ।

(७) "कार्यपालिका" भन्नाले फिदिम नगरकार्यपालिकालाई जनाउनेछ ।

## परिच्छेद २

## निर्माण ब्यबसायी ईजाजत– पत्र प्राप्ति र खारेजि

(३) **निर्माण व्यवसायी ईजाजत– पत्र सम्वन्धि व्यवस्थापनः** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची– २ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न निर्माण ब्यबसायी ईजाजत– पत्रको लागि नगर कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकिय अधिकृत समक्ष आबेदन दिनु पर्नेछ ।

(२)उपदफा (१) बमोजिम पर्न आएका आबेदन उपर अनुसूची– ५ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा दफा (४) बमोजिमको समितिले जाँचबुझ गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नु पर्नेछ ।

(३) दफा (४) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले निर्माण ब्यबसायीँ ईजाजत– पत्रको निर्णयका लागि कार्यपालिका वैठकमा पेश गर्नु पर्नेछ ।

(४) दफा (४) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म ÷कम्पनीहरुको निर्माण ब्यबसायी ईजाजत– पत्र कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले तोकिएको दस्तुर लिई अनुसूची– ३ बमोजिमको ढाँचामा ईजाजत पत्र प्रदान गर्नेछ ।

(५) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक उपदफा (४) बमोजिम निर्माण ब्यबसायी ईजाजत– पत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजानिक निर्माण कार्य गर्न गराउन पाइने छैन ।

(४) **सिफारिस समिति सम्बन्धी व्यवस्थाः** (१) दफा ३ को उपदफा (२) बमोजिम निर्माण व्यवसायी ईजाजत– पत्र प्रदान गर्न देहाय बमोजिमको एक सिफारिस समिति हुनेछ ।

(क) बरिष्ट ईन्जिनियर – संयोजक

(ख) प्रमुख प्रशाशकिय अधिकृतले तोकेको ईन्जिनियर – सदस्य

(ग) प्रशासन शाखा प्रमुख – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले **अनुसूचि ५** अनुसार विवरण चेकजाँच निर्माण ब्यबसायी ईजाजत– पत्र प्रदान गर्न एकिन गरी सिफारिस गर्नु पर्नेछ ।

(३) समितिको वैठक सम्बन्धी व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) **निर्माण ब्यबसायी इजाजत– पत्रको अवधि र नवीकरणः** (१) दफा (३) को उपदफा (४) बमोजिम प्रदान गरिएको इजाजतपत्र तथा फिदिम नगरपालिका क्षेत्रभित्र ठेगाना कायम (अनुसूचि १ मा उल्लेखित क्षेत्र ) गरी दर्ता भएका निर्माण ब्यवसायि ईजाजत– पत्र दफा ६ बमोजिम खारेज नभएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक प्रतेक आर्थिक बर्षको आर्थिक मसान्त सम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी

सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय÷प्रदेश÷स्थानीयकर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र , फर्म वा कम्पनीको दर्ता नविकरण सहित नगर कार्यपालिकाको कार्यालायबाट तोकिए वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ ।

(३) निर्माण ब्यबसायी इजाजत– पत्र नविकरण गर्न नगर कार्यपालिकाको कार्यालयमा कागजात पेश गर्दा अनुसूची– ४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । अनुसूची– ४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको ईजाजत– पत्र नविकरण गर्न नगर कार्यपालिकाको कार्यालय बाध्य हुनेछैन ।

(४) उपदफा (२) र (३) बमोजिमको म्याद नाघेको छ महिना भित्र सबै प्रकृया पुरा गरी ईजाजत पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग गरेमा तोकिए बमोजिमको थप दस्तुर लिई ईजाजत– पत्र नवीकरण गरिनेछ ।

(५) उपदफा (४) को अवधि भित्र पनि नविकरण नगर्ने निर्माण ब्यबसायीको ईजाजत– पत्र स्वत खारेज भएको मानिनेछ ।

(६) **निर्माण ब्यबसायी ईजाजत– पत्रको खारेजीः** (१) देहायको अबस्थामा नगरपालिकाले निर्माण व्यवसायीको ईजाजत– पत्र खारेज गर्न सक्नेछः

(क) झुट्ठा विवरण पेश गरी इजाजत– पत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठा विवरण पेश गरेको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको , वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई सफाई पेश गर्न ३५ दिनको मनासिब माफिकको मौका दिइनेछ ।

(३) दफा ५ बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजत– पत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा(१) वा (३)बमोजिम निर्माण ब्यबसायी ईजाजत– पत्र खारेज भएको नगर कार्यपालिकाकाको कार्यालयले सम्वन्धित ब्यक्ति फर्म वा क्रम्पनी दर्ता गर्ने कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

## परिच्छेद ३
## प्रतिलिपि नामसारि र ठाउँसारि

७) **निर्माण ब्यबसायी ईजाजत– पत्रको प्रतिलिपी सम्वन्धि व्यवस्थाः** (१) कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट ईजाजत– पत्रको प्रतिलीकोलागि नगर कार्यपालिकाको कार्यालयमा आबेदन गरेमा तोकिए बमोजिमको दस्तुर लिई निर्माण ब्यबसाई इजाजत– पत्रको प्रतिलिपी उपलबध गराउनु पर्नेछ ।

८) **निर्माण ब्यबसायी ईजाजत– पत्रको नामसारी तथा ठाउँसारी सम्बन्धी व्यवस्थाः** (१) नगरपालिका क्षेत्रभित्र ठेगाना भै (अनुसूची १ मा उल्लेखित) दर्ता भएका ईजाजत पत्र नामसारी गर्दा, उधोग वा कम्पनीको दर्ता गर्ने कार्यालयबाट नामसारी भएको प्रमाण– पत्र , सम्बन्धित वडाको सिफारिस, सम्बन्धित व्यक्ति/प्रोपाईटरबाट बिक्री गरेको प्रमाण र लिनेदिनेको संयूक्त निवेदन सहित प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर छानविन गरी तोकिएको दस्तुर लिइ प्रमुख प्रशासकिय अधिकृतले नामसारी गर्न सकिनेछ ।

(३) नगरपालिका क्षेत्रभित्र ठेगाना भै (अनुसूची १ मा उल्लेखित) दर्ता भएका ईजाजत पत्र ठाँउसारी गर्दा, उधोग वा कम्पनीको दर्ता गर्ने कार्यालयबाट ठाँउसारी भएको प्रमाण– पत्र , सम्बन्धित वडाको सिफारिस, सम्बन्धित व्यक्ति÷प्रोपाईटरको ठाँउसारि सम्बन्धि निवेदन सहित प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पर्न आएको निवेदन उपर छानविन गरी तोकिएको दस्तुर लिइ प्रमुख प्रशासकिय अधिकृतले ठाँउसारी गर्न सकिनेछ ।

(५) ईजाजत प्राप्त निर्माण व्यवसायीहरुले फिदिम नगरपालिका क्षेत्रमा ठेगाना राखि प्राप्त निर्माण ईजाजत पत्र ठेगाना परिवर्तन गरी अर्को स्थानीय तहमा ठाउँसारी गर्न चाहेमा उद्योग वा कम्पनी दर्ता गर्ने कार्यालयबाट ठाँउसारी भएको प्रमाण, ठेगाना सार्न चाहेको स्थानीय तह उल्लेख गरी कर चुक्ता प्रमाण पत्र, वडाको सिफारिस सहित प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर छानविन गरी प्रमुख प्रशासकिय अधिकृतले तोकिएको दस्तुरलिई अर्को स्थानीय तहमा ठाउँसारीको सीफारीस गरी दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम ठाउँसारीको सिफारिस दिएपछि सो को लगत कट्टा समेत गर्नु पर्नेछ ।

(८) कुनै स्थानीय तहमा दर्ता भएको निर्माण ब्यबसायी ईजाजत– पत्र ठाउँसारिभै ल्याउनचाहेमा उद्योग वा कम्पनि दर्ता गर्ने कार्यालयबाट ठाँउसारी गरेको प्रमाण, कर चुक्ताको प्रमाण र सम्बन्धित स्थानीय तहको सिफारीस सहित प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम प्राप्त निवेदन उपर छानविन गरी तोकिएको दस्तुर लिई प्रमुख प्रशासकिय अधिकृतले ठाउँसारीको निर्णय लिन सक्नेछ ।

(१०) दर्ता भएको निर्माण ब्यबसायी ईजाजत–पत्रले नाम परिवर्तन गराउन चाहेमा उद्योग वा कम्पनीको दर्ता गर्ने कार्यालयबाट नाम परिर्वतन भएको प्रमाण–पत्र ,सम्बन्धित वडाको सिफारिस, सम्बन्धित व्यक्ति÷प्रोपाईटरबाट प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको निवेदन उपर आवश्यक छानविन गरी तोकिएको दस्तुर लिई प्रमुख प्रशासकिय अधिकृतद्धारा नाम परिवर्तन गर्न सकिनेछ ।

## परिच्छेद ४
## बिबिध

९) **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिए जति यसै कार्यविधि बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०) **संसोधन र खारेजि :** (१) यो कार्यबिधिको समयानूकुल संसोधन र खारेज गर्ने अधिकार नगरकार्यपालिकालाई मात्र हुने छ ।

(२) फिदिम नगरपालिका "घ" बर्गको निर्माण ब्यबसायी ईजाजत–पत्र सम्बन्धि कार्यबिधि २०७४ खारेज गरिएको छ ।

११) **बचाउः** यस अघि प्रचलित कानून बमोजिम अनुसूची १ मा उल्लेखित क्षेत्र भित्रको ठेगाना राखि निर्माण ब्यबसायी ईजाजत–पत्र प्राप्त भएका र फिदिम नगरपालिका "घ" बर्गको निर्माण ब्यबसायी ईजाजत–पत्र सम्बन्धि कार्यबिधि २०७४ बमोजिम भए गरेका काम यसै बमोजिम भएगरेको मानिने छ

## अनूसूची १

( दफा २ को उपदफा ५ संग सम्बन्धित )

२०७३ साल फाल्गुण २७ गते नगरपालिका घोषणा हुदाका बखत समाबेष भएका साबिक नगरपालिका र गाउँ बिकास समितिको क्षेत्र,

(१) फिदिम नगरपालिकाको वार्ड नं १,२,३,४,५,६,७,८,९,१०,११ को सम्पूर्ण भू–भाग ।

(२) रानीटार गाउँ बिकास समितिको वार्ड नं १,२,३,४,५,६,७,८,९ को सम्पूर्ण भू–भाग ।

(३) लुङरुपा गाउँ बिकास समितिको वार्ड नं १,२,३,४,५,६,७,८,९ को सम्पूर्ण भू–भाग ।

(४) नागिन गाउँ बिकास समितिको वार्ड नं १,२,३,४,५,६,७,८,९ को सम्पूर्ण भू–भाग ।

(५) लुम्फाबुङ गाउँ बिकास समितिको वार्ड नं १,२,३,४,५,६,७,८,९ को सम्पूर्ण भू–भाग ।

(६) याङनाम गाउँ बिकास समितिको वार्ड नं १,२,३,४,५ को सम्पूर्ण भू– भाग ।

**फिदिम नगरपालिका गठनको भू– भाग**

| क्र सं | साबिक नगरपालिका र गाउँ बिकास समितिको नाम | साबिकको वार्ड नं | हलको वार्ड नं |
|---|---|---|---|
| १ | फिदिम नगरपालिका | १ | १ |
| २ | फिदिम नगरपालिका | २ | २ |
| ३ | फिदिम नगरपालिका | ३ | ३ |
| ४ | फिदिम नगरपालिका | ४ र ५ | ४ |
| ५ | फिदिम नगरपालिका | ६ ,७ र ८ | ५ |
| ६ | फिदिम नगरपालिका | ९,१० र ११ | ६ |
| ७ | रानिटार गाउँ बिकास समिति | १ ,२ ,३ र ४ | ७ |

| क्र सं | साबिक नगरपालिका र गाउँ बिकास समितिको नाम | साबिकको वार्ड नं | हलको वार्ड नं |
|---|---|---|---|
| ८ | रानिटार गाउँ बिकास समिति | ५ ,६ ,७ र ८ | ८ |
| ९ | लुम्फाबुङ गाउँ बिकास समिति | १ ,२ ,३ ,४ ,५ ,६ ,७ ,८ र ९ | ९ |
| १० | याङनाम गाउँ बिकास समिति | १ ,२ ,३ ,४ र ५ | १० |
| ११ | नांंगीन गाउँ बिकास समिति | १ ,२ ,३ ,४ र ५ | ११ |
| १२ | नांगीन गाउँ बिकास समिति | ६ ,७ ,८ र ९ | १२ |
| १३ | लुङरुपा गाउँ बिकास समिति | १ ,२ ,३ ,७ ,८ ,र ९ | १३ |
| १४ | लुङरुपा गाउँ बिकास समिति | ४ ,५ र ६ | १४ |
| १५ | रानीटार गाउँ बिकास समिति | ९ | |

**अनुसुची – २**

**दफा ३ को उपदफा (१) सँग सम्वन्धित**

**(निर्माण ईजाजत– पत्रको लागि दिईने आबेदन)**

श्री .प्रमुख प्रशाशकिय अधिकृत ज्यू...........................
फिदिम नगर कार्यपालिकाको कार्यालय
फिदिम ,पाँचथर ।

**विषयः निर्माण ईजाजत पत्र/ईजाजत पत्र नवीकरण गरि पाउँ भन्ने बारे ।**

फिदिम नगरपालिका निर्माण ब्यवसायि इृजाजतपत्र कार्यविधि २०७९ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण सहित दरखास्त पेश गरेको छु÷छौ ।

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,–**

नामः– ..........................
ठेगाना – ........................
पोष्ट बक्स – ....................
टेलिफोन नं.................... मोवाइल नं........................... ईमेल – .................................फ्याक्स नं........................

**२. फर्म वा कम्पनीको प्रकृति (कोष्ठमा रेजा लगाउनु पर्नेछ)**

| प्राईभेट लिमिटेड कम्पनी | एकलौटी | पब्लिक लिमिटेड कम्पनी | साझेदारी |
|---|---|---|---|
| | | | |
| | | | |

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :–**

नाम :– ..........................
ठेगाना :– ........................

पोष्ट बक्स :– ....................
टेलिफोन नं..................... मोवाइल नं............................ ईमेल–
..................................फ्याक्स नं........................

४. **फर्म वा कम्पनीको विवरण :–**
दर्ता नं. – ....................................दर्ता मिति – ...............................
अधिकृत पूँजी – रु.......................... जारी पूँजी – रु............................
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना – .................................................

५. ईजाजतपत्र लिन चाहेको वर्ग – (घ) वर्ग

६. समूहिकरण हुन चाहेको समूह –

७. आर्थिक श्रोतको विवरण –

| विवरण | रकम रु. | बैंक वा वित्तीय संस्थाको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण –
(क) प्राविधिक – ...........
(ख) अप्राविधिक – ...........
(ग) अन्य – ..................

**नोटः कर्मचारीको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्नेछ ।**

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :

| सि.नं. | सवारी साधनको विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**द्रष्टव्य :** *यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औंजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) आदीको मेशिनरी औंजर चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।*

**१०. यस अघि सम्पन्न गरेको कामको विवरण :**

| सि.नं. | निर्माण सम्बन्धि कामको प्रकार | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालको नाम | कामको अवस्था प्रगति प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | | | | |

**११. करचुक्ता गरेको प्रमाण कागजात :–**

(क)..............

(ख)...............

(ग)..............

माथि बुदाँ नं. १० र ११ नयाँ ईजाजत पत्र लिदाँ आवश्यक हुनेछैन ।

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाँउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको

दस्तखत –

मितिः–

द्रष्टव्य : *यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्नग कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।*

## अनुसुची– ३

( दफा ३ को उपदफा (४) सँग सम्वन्धित )

**फिदिम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फिदिम, पाँचथर**

## "घ" वर्गको निर्माण व्यवसायी इजाजत– पत्र

ईजाजत पत्र नं.......                                        मितिः...........

फिदिम नगर कार्यपालिकाको मिति ....................को निर्णय अनुसार “घ” वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७९ को दफा ३ को उपदफा (४) बमोजिम निर्माण व्यवसायी ........................................................................ स्थित कार्यालय भएको ..................................फर्म वा कम्पनीलाई ईजाजतपत्र प्रदान गरिएको छ ।

प्रोपाईटरको नामः
ठेगानाः
चालु पूँजीः रु..................

ईजाजतप– त्र दिनेको,–
दस्तखत :
नाम :
पद :–
मिति :–

**निर्माण ब्यसायी ईजाजत– पत्र नवीकरण विवरण..**

फर्म/कम्पनीको नामः ..................................प्रोपाईटरको नामः..........................

ठेगाना.............................

| सि.नं. | नवीकरण गर्ने अधिकारीको नाम | नविकरण गरेको मिति | नविकरण बहाल रहने मिति | नविकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची – ४
## (दफा ५ को उपदफा (३) सँग सम्बन्धित )
## निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)

| क्र. सं. | आयोजनाको नाम | सार्वजाकि निकायको विवरण | संयूक्त उपक्रमको नाम (भएमा) | शेयर प्रतिशत | ठेक्का विवरण | सार्वजानिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | खवचष्वतष्यल को विवरण (यदि भएमा) | प्रगतिको विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क) ठेक्का रकम | क) नाम | क) थप समय | Variation पछिको संझौता रकम | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकम | | |
| | | | | ............. | .................... | .............. | .................. | ............... | ............... | | |
| | | | | ख) संझौता मिति | ख) पद | ख) नाम | ख)Variationको निर्णय गर्ने पदाधिकरीको नाम | ख) सम्पन्न मिति | ख) सम्पन्न मिति | | |
| | | | | ............. | .................... | ................ | ................. | ............ | ...............<br>...... | | |
| | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ग) पद | ग) पद | ग) सम्पन्न प्रतिशत | ग) नाम | | |
| | | | | ................... | ................. | ............. | ................ | | ........... | | |
| | | | | | घ) छाप | घ) हस्ताक्षर | घ) हस्ताक्षर | घ) नाम | पद | | |
| | | | | | .................. | ................ | ................ | ............ | .............. | | |
| | | | | | | ड.) निर्माण मिति | ड.) छाप | पद | हस्ताक्षर | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ................. | ............... | .............. | .............. | | |
| | | | | | | च) छाप | | हस्ताक्षर | छाप | | |
| | | | | | | ................. | | .............. | ............... | | |
| | | | | | | | | छाप | | | |
| | | | | | | | | ............... | | | |

फिदिम राजपत्र

## अनुसुची– ५
## ( दफा ३ को उपदफा (२) सँग सम्बन्धित )
## "घ" वर्गको निर्माण व्यवसायीको योग्यता विवरण

१. पूँजीः प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँचलाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभाग वा कम्पनी रजिष्टारको कार्यलयमा दर्ता भएको हुनु पर्नेछ ।

२. जनशक्तिः मान्यता प्राप्त शिक्षण संस्थाबाट,

(क) सिभिल ईन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण प्राविधिक १ जना,

(ख) वाणिज्य शास्त्र÷अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण लेखा सम्बन्धी काम गर्ने कर्मचारी १ जना,

(ग) माथि उल्लेखित (क) र (ख) बमोजिमको जनशक्तिको सेवा पूरा समय प्राप्त भएको शुनिश्चित हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

(क) ट्रिपर/टयाक्टर – एक थान

(ख) मिक्सर मेशिन – एक थान

(ग) थेडोलाईट/लेबल मेशिन – एक सेट

(घ) वाटर पम्प – दुई थान

(ङ) भाइबे्रटर – तीन थान

(च) कम्प्यूटर प्रिन्टर – एक सेट

**नोटः**

१. उपकरणको नामावली पेश गर्दा बुदानं ३ को (क) र (ख) को हकमा उपकरणको आफ्नै स्वामित्व वा लिजमा लिएको प्रमाणपत्र र अन्यको हकमा आफ्नै स्वामित्वमा भएको प्रमाणका साथै बीमा गरेको कागजातहरु र नयाँ खरिद भएकोमा मु.अ.कर विजक अनिवार्य पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु हाल ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

आज्ञाले
गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

फिदिम राजपत्र